बालबालिका हराएमा,
बेवारिस फेला परेमा,
निश्शुल्क टेलिफोन नम्बर
१०४ मा फोन गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ भदौ १३ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 August 29 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १२

## जीतपुरसिमरा क्षेत्रबाट १७५.०६ हेक्टर जमीन वनमा फिर्ता

प्रस, निजगढ, १२ भदौ/

वन क्षेत्र अतिक्रमण गरी खेतीपाती गर्ने, घर टहरा बनाएको जग्गा कब्जा मुक्त बनाउँदै डिभिजन वन कार्यालय, बाराले दुई वर्ष यता २४९.२९ हेक्टर अतिक्रमित वन क्षेत्र वनमा फर्काएको छ।


बाराको अतिक्रमणमुक्त वन क्षेत्रमा हुर्कदै बिरुवा । तस्वीर: जीतलाल श्रेष्ठ

जितपुर–सिमरा उपमहा नगरपालिका वडा नं. १४, १५, १६ र १८ बाट १७५.०६ हेक्टर वन क्षेत्र अतिक्रमण मुक्त गरिएको छ ।

त्यसैगरी स्थानीयले वर्षौं अघि अतिक्रमण गरी खेतीपाती गरिरहेको कोल्हवी नगरपालिका वडा नं. २, ३, ५ को ५६.२३ हेक्टर वन फिर्ता ल्याएको छ। सो वन क्षेत्रमध्ये वडा नं. ५ रामवनमा ५ हेक्टर वन क्षेत्र कब्जा गरी बनाइएका २२ घर–टहरा नेपाल प्रहरी, सशस्त्र प्रहरीको सहयोगमा वन कार्यालय बाराले हटाएको छ ।

अतिक्रमणाकै क्रममा निजगढ नगरपालिका–४ बागदेवस्थित बाघ भैरव सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्र अतिक्रमण गरी पूर्जा श्रेस्ता कायम गराएको १८ हेक्टर वन क्षेत्रको जमीन बदर गराएको डिवका बाराको रेर्कडमा छ ।

गत वर्ष जितपुरसिमरा उपमहा नगरपालिका–२२ चकरीमा वर्षौंदेखि खेतीपाती गरी अतिक्रमण गरिएको १० हेक्टर जमीन कब्जामुक्त गर्दै तारबार सहित वृक्षारोपण गरिएको थियो। अहिले सो वृक्षारोपण आशलाग्दो रूपमा हुर्कदै छ । यसरी विभिन्न समयमा बाराको अतिक्रमित वन क्षेत्र मुक्त गराई तारबार र रेखदेखका लागि वन हेरालुसमेत राखी गुमेको जमीन हराभरा बनाउन डिभिजन वन कार्यालय, बाराले मातहतका निकायलाई सक्रिय बनाउँदै आएको छ।

जनप्रतिनिधि, सरोकारवाला नागरिकसँग पटकपटक छलफलपछि सो जमीन वनमा फर्काउन डिभिजन वन कार्यालय, बारा सफल भएको डिभिजन वन कार्यालय बाराका प्रमुख डिएफओ मन्जुर अहमदले बताए । अझै ठूलो क्षेत्रफलमा अतिक्रमित वन क्षेत्र बारामा छ।

अतिक्रमित वन क्षेत्रमध्ये लगभग २५–३० प्रतिशतमा बस्ती भए पनि बाँकी खेतबारीको रूपमा प्रयोग हुँदै आएको डिएफओ अहमदले बताए ।

वन गश्ती सक्रिय बनाउँदै वन पैदावार चोरी तस्करीमा नियन्त्रण आएको वन कार्यालयले जनाएको छ । वन क्षेत्र अतिक्रमण नै जिल्लाको मुख्य समस्या रहेको डिएफओ मन्जुर अहमदले बताए। वन कार्यालयले अतिक्रमित वन क्षेत्रलाई नियन्त्रणमा लिई घेराबार गरेसँगै पशु चौपाया पालन गर्ने स्थानीयलाई घाँसपातको सहजता भएको कोल्हवी नपाका स्थानीय तामबहादुर श्रेष्ठ र लक्ष्मी रेग्मीले बताए। अतिक्रमित वन क्षेत्रको जमीन किनबेच हुन थालेसँगै वन कार्यालय सो स्थानको पहिचान गर्दै सक्रिय भएको हो । वन क्षेत्र अतिक्रमण गरी जमीन कब्जा गर्न सकिन्छ भन्नेहरूलाई वन कार्यालयको यो संरक्षण कार्यले गतिलो पाठ सिकाएको छ । यसरी वन क्षेत्र अतिक्रमण गर्नेहरूविरुद्ध कानूनी कारबाईसमेत अघि बढाउने तयारी वन कार्यालयको छ ।

अतिक्रमित फिर्ता ल्याइएका वन क्षेत्रको जमीन हराभरा बनाउन नेपाली सेनाको समेत सहभागिता छ। काठमाडौं तराई–मधेस द्रुतमार्ग सडक निर्माण गर्दा रूखबिरुवा मासिएसँगै यसको शोधभर्ना गर्न नेपाली सेनाले बिरुवा रोपण गरी हुर्काउँदै आएको छ।

## राणा र राजा जस्तै बन्न खोज्दा ओली पतन भए -उपेन्द्र यादव

प्रस, वीरगंज, १२ भदौ/

जनता समाजवादी पार्टी नेपाल केन्द्रीय समितिको आयोजनामा शनिवार वीरगंजमा अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो। सो पार्टीका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवको प्रमुख आतिथ्यमा वीरगंज नगरसभा गृहमा कार्यक्रम समपन्न भएको हो ।






'सङ्घीयता सुशासन समृद्धि र समाजवाद' विषयक अभिमुखीकरण कार्यक्रममा अध्यक्ष यादवले पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली राणा र राजाजस्तै बन्न खोजेको आरोप लगाए। "सङ्घीय लोकतन्त्र गणतन्त्रलाई संस्थागत गर्न र उपलब्धिलाई रक्षा गर्ने जिम्मेवारी रहेकोमा निरंकुश बन्न खोजेकोले ओलीको पतन भयो" अध्यक्ष यादवको भनाई थियो। उनले महन्त ठाकुरले मधेस र मधेसीको मुद्दा ओलीलाई सुम्पिएकोकारण उनको पनि पतन शुरू भएको दाबी गरे।

प्रदेश नम्बर २ का मुख्यमन्त्री लालबाबू राउत गद्दीको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ नेता अशोक राई, महेन्द्र राय यादव, रेणु यादव, रामसाहयक यादव, गोविन्द चौधरी, प्रदीप यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए। अभिमुखीकरण कार्यक्रममा बारा, पर्सा, मकवानपुर, रौतहटका नेता, कार्यकर्ताहरूको सहभागिता थियो । कार्यक्रमको सहजीकरण सो पार्टीका पर्सा जिल्ला अध्यक्ष रामनरेश यादवले गरेका थिए।

## सातजना युवतीको उद्धार, दुईजना दलाल पक्राउ

प्रस, वीरगंज, १२ भदौ/

पर्सा प्रहरीले भारतीय प्रहरी र आफन्त नेपाल नामक गैरसरकारी संस्थाको सहयोगमा छौडादानो नगरपञ्चायत–११ आदापुरबाट सातजना नेपाली युवतीको उद्धार गरेको छ भने सो कार्यमा संलग्न एकजना भारतीय र नेपाली नागरिकलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले भारत बिहारको छौडादानो नगर पञ्चायत–११ आदापुर बजारबाट सातजना युवतीको उद्धार गरेको र उनीहरूलाई अवैधरूपमा भारतमा लैजाने एकजना नेपाली महिला र एकजना भारतीय नागरिकलाई सूचनाको आधारमा शङ्कराचार्य द्वारबाट पक्राउ गरिएको बताए ।


पक्राउ परेका विकेशकुमार र ममताकुमारी । तस्वीर सौजन्य: जिप्रका

प्रहरीले छौडादानो बस्ने २५ वर्षीय विकास भन्ने विकेशकुमार र धनुषा जिल्ला नगराइन नगरपालिका निवासी ममताकुमारी भन्ने अजिमा खातुनलाई पक्राउ गरेको प्रउ पाण्डेले बताए । उनीहरूविरुद्ध मानव बेचबिखन तथा ओसारपोसारविरुद्ध मुद्दा दर्ता गरी अनुसन्धान प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ । पक्राउ परेका दुवैजना आर्केस्ट्रा सञ्चालक भएको र उनीहरूले नेपाली युवतीहरूलाई आर्केस्ट्रामा काम गराउने बहानामा ल्याउने र अन्य राज्यमा बिक्री गरी गलत काम गर्न बाध्य पार्ने गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

सातजना युवतीलाई वैवाहिक कार्यक्रममा नृत्य गर्न भनेर ल्याएको र आर्केस्ट्रा समूहमा सामेल गरी युवतीहरूलाई गलत काममा प्रयोगका लागि अन्य राज्यमा पठाउने गरेको प्रहरीले दाबी गरेको छ। उद्धार गरिएका युवतीहरूले मोटो रकम दिने लोभ देखाएर ल्याएको र आदापुर पुगेपछि मोबाइल खोसेर अँध्यारो कोठामा राखेको बताएका छन्। सोबारे परिवारजनमा खबर पुगेपछि उनीहरूले प्रहरीमा खबर गरेका थिए।

### छोटकरी

#### सालको काठसहित एकजना पक्राउ

प्रस, पचगावाँ, १२ भदौ/

इलाका प्रहरी कार्यालय, एकटाँगाले सालको गोलिया लोड ट्याक्टरसहित एकजनालाई पक्राउ गरेको छ ।

शुक्रवार राति पर्सागढी नगरपालिका–१ कोइलाभारबाट सालको गोलिया लोड गरी गइरहेको ना.३प ५०२१ नम्बरको ट्याक्टरलाई मनवा बजार नजीकबाट बरामद गरिएको इप्रका एकटाँगाका प्रहरी नायब निरीक्षक गजानन्द साहले बताए। उनले सूचनाको आधारमा आफ्नो कमान्डमा खटेको प्रहरी टोलीले ५० क्युफिट सालको गोलियासहित पर्सागढी नपा–१ बस्ने राजु चौधरीलाई पक्राउ गरेको बताए। राष्ट्रिय वनको तीनवटा सालको रूख कटान गरिएको प्रनानि साहले बताए ।

## वर्षा कम भएपछि आवागमन जारी

प्रस, पचगावाँ, १२ भदौ/

पुल नभएर खोला तरेर जानुपर्ने पर्साको ग्रामीण भेगमा अहिले वर्षा कम भएसँगै आवतजावत शुरू भएको छ । निरन्तरको वर्षाले जनता सडकखण्डमा पुल नभएको स्थानमा आवतजावत बन्द भएको थियो ।


पानीको सतह कम भएपछि आवतजावत गर्दै स्थानीय । तस्वीर: प्रतीक

वर्षाले खोलामा पानीको सतह बढेपछि आवतजावत बन्द भएको तर अहिले पानीको सतह कम भएपछि आवागमन चालू भएको स्थानीयले बताए। जनता सडकको रङ्गपुरटाँडीदेखि सिरहीसम्म र थरूहट सडकको सोनबर्सा, शङ्करसरैया, महादेवपट्टि, बलुवाका मानिसहरूलाई आवतजावतमा खोलाको कारण समस्या भएको थियो ।

सोनबर्सा, तिलावे, ओरिया, सिंघाइ नदीमा पानीको बहाव बढेको कारण आवतजावतमा समस्या भएको थियो ।

यसैगरी, हुलाकी र गण्डक सडकमा पनि बाटो खराब भएकोले वर्षामा आवतजावत प्रभावित भएको छ। हुलाकी सडकको काम बाँकी रहेको ठाउँ र गण्डक नहरका थुप्रै स्थानमा खाल्डाखुल्डी परेर सवारीसाधन सञ्चालन र यात्रीहरू आवतजावतमा समस्या भएको छ ।

वर्षामा यी सडकखण्डमा आवतजावत प्रभावित हुने गरेको छ । हुलाकी सडकको काम चालू रहेको तर गण्डक सडकको दुरवस्था तथा स्थानीय पालिकाले मरम्मत सम्भारमा चासो नदेखाएको पटेर्वासुगौली गापा सोनबर्साका शिक्षक मुना तिवारीले गुनासो पोखे ।

## विचारसार र सूक्तिहरु

**भोग भोग्नाले भोगको वृत्ति बढ्छ, घट्दैन । -प्रेमचन्द**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# सङ्कल्पका धनी

मनुष्य यस सृष्टिको सर्वश्रेष्ठ रचना हो, उसको लागि केही पनि असम्भव छैन । यदि उसले ठान्छ भने जेसुकै गर्न सक्छ । जीवनको भौतिक क्षेत्र होस् वा आध्यात्मिक, यदि उसले प्रयत्न गर्छ भने कुनै पनि दिशामा चरम उपलब्धिलाई छुन सक्छ । यस्ता अनगिन्ती उदाहरण छन्, जसले आफ्नो सङ्कल्प-साहसको बलमा साधारण, अकिञ्चन जस्तो हैसियतभन्दा माथि उठ्दै शून्यबाट हीरो बन्ने उक्तिलाई चरितार्थ गरेका छन् र आज पनि गरिरहेका छन्। रसातलबाट चरम शिखरको उनीहरूको यात्राले रोमाञ्चित गर्छ र थाके-हारेका मनुष्यलाई अगाडि बढ्ने प्रेरणा दिन्छ।

**शारीरिक, मानसिक एवं आर्थिक जीवनसरह आध्यात्मिक क्षेत्रमा पनि यस्ता थुपै स्त्री–पुरुष भए, जसले आफ्नो पछिल्लो जीवनलाई काँचुलीसरह फेरेर एउटा नयाँ जीवनको सुरुआत गरे र आध्यात्मिक विकासको शिखरमा आरूढ भए ।**

सैन्डो र चन्दगीरामजस्ता विश्वविख्यात पहलमान बाल्यकालमा गम्भीर रोगबाट ग्रसित थिए। शरीरले दुर्बल यी बालकहरूबाट संसारलाई कुनै आशा थिएन । केही गरी उनीहरू शरीरबाट स्वस्थ भएपनि त्यो नै ठूलो कुरा थियो तर दुवै बालक माटोबाट बनेका थिए। दुवैजना आफ्नो जमानामा सबैभन्दा शक्तिशाली व्यक्ति बन्न चाहन्थे। यस लक्ष्यअनुरूप उनीहरूले आफ्नो कसरत जारी राखे र एक दिन दुनियाँको अगाडि आफ्नो सपनालाई साकार गरेर देखाए। यस्ता कतिऔं छन्, जो शरीरबाट रोगी, दुर्बल यहाँसम्म कि अपाङ्ग व्यक्ति छन्, जो आज पनि यस्ता सीमालाई पार गर्दै शारीरिक सौष्ठव एवं खेलहरूमा झन्डा गाड्दै छन् र सन्देश दिंदैछन् कि यदि व्यक्ति सङ्कल्पको धनी हुन्छ भने उसको लागि शारीरिक दुर्बलताको कुनै अर्थ रहँदैन ।

स्टीफन हकिन्स, आइन्स्टाइन र अब्राहम लिङ्कन यसै कडीका दोस्रो ऐतिहासिक नायक हुन्। लिङ्कनले बाल्यकालदेखि नै परिस्थितिको मार खेप्दै आएका थिए । उनको जन्म दाउरेको परिवारमा भएको थियो, जो जङ्गलबाट दाउरा काटेर कसैगरी आफ्नो निर्वाह गर्दथ्यो। बच्चाको लागि पढाइको सुविधा जङ्गलमा कहाँ हुन्छ तर लिङ्कन पढेलेखेर अगाडि बढ्न चाहन्थे। उनको सङ्कल्पले उनलाई जङ्गलबाट टाढा विद्यालयसम्म पुऱ्याउने संयोग दियो । पुस्तक किन्ने पैसा गरीब आमाबुबासँग थिएन। अतः बालक लिङ्कन मिलौं टाढा पैदल गएर पुस्तकालयमा अध्ययन गर्थे । शहरमा पढ्न जाँदा लालटेन र मैनबत्ती किन्ने पैसा नभएको कारण स्ट्रीट ल्याम्पको उज्यालोमा पढाइ गर्थे।

शिक्षाको साथ लिङ्कन आफ्नो मात्र होइन, पूरै समुदायको दशाबाट ज्ञात भए। उनी मानवीय त्रासदीबाट पूरै देशलाई स्वतन्त्र गराउने सङ्कल्पका साथ सार्वजनिक जीवनमा हाम फाले तर यहाँ पनि आफूले चाहेजस्तो सफलताबाट उनी वञ्चित भए। तीस वर्षसम्म निराशाले भरिएको सङ्घर्षपछि अन्ततः अमेरिकाको राष्ट्रपतिको रूपमा उनले आफ्नो अपराजेय जीवनको झन्डा बुलन्द गरे। साहसी, दृढ इच्छाशक्तिका कारण समस्याको आँधीले घेरिएर भएपनि उनी कहिल्यै निराश भएनन्। उनले नियतिसँग कहिल्यै हार मानेनन्, दृढ आत्मविश्वासको सम्बल लिंदै नित्य नवीन उत्साहका साथ जीवनपथमा अगाडि बढ्दै गए । पछि गएर यसै जीवटको बलमा उनले अमेरिकाबाट दासप्रथालाई मेटाउनमा आफ्नो ऐतिहासिक भूमिका निर्वाह गरे। आज पनि अब्राहम लिङ्कन आफ्नो जिजीविषा एवं महानताका कारण अमेरिकामा मात्र होइन पूरै विश्वमा करोडौं सङ्घर्षशील व्यक्तिका लागि प्रेरणाको प्रकाशस्तम्भ मानिन्छन्।

युनानका डेमास्थनीज बाल्यकालमा भकभकाएर बोल्ने समस्याबाट पीडित थिए तर उनी थिए बुद्धिमान एवं साहसी। साथै देशको जर्जर अवस्थाको बीचमा उनी आफ्नो निर्णायक भूमिका निर्वाह गर्न चाहन्थे । विद्वान्-दार्शनिकको देश युनानमा सम्पूर्ण निर्णय वादविवाद एवं संवादको आधारमा हुन्थ्यो। आफ्नो वाक् अपाङ्गतालाई देखेर डेमास्थनीज मन मारेर रहन्थे तर उनी साहसी थिए, लगनका धनी थिए। आफ्नो अपाङ्गता र सपनाको बीचको भीरका कारण उनी मानिसको हाँसोका पात्र पनि बन्थे तर हरेक विफलताले उनको सङ्कल्पलाई मजबूत गऱ्यो। हार मान्न उनले सिकेका थिएनन्। अभ्यास गर्दागर्दै एक दिन डेमास्थनीज आफ्नो जमानाको सबैभन्दा मुखर वक्ता पनि बने ।

यसै शृङ्खलामा गाँधीलाई पनि लिन सकिन्छ। जब उनले इङ्गल्यान्डबाट पढाइ पूरा गरेर दक्षिण अफ्रिकामा वकालत शुरू गरे, तब प्रारम्भिक सभामा उनको बोलीमाथि ताला लाग्थ्यो। श्रोताको भय उनीमाथि यसरी हावी थियो कि उनी पसिना–पसिना हुन्थे र सबैको हाँसोको पात्र बने तर युवक मोहनदास आफ्नो लौह सङ्कल्पको बलमा पछि गएर यस्ता धुरन्धर वक्ता बने, जसको लोहा विश्वको सबैभन्दा शक्तिशाली अङ्ग्रेज शासकले पनि मान्न थाल्यो ।

आइन्स्टाइन विद्यार्थी जीवनमा सबैभन्दा कमजोर विद्यार्थी मानिन्थे, तर जब उनमा लगन जाग्यो, तब उनी युगकै सबैभन्दा महानतम् वैज्ञानिकको श्रेणीमा दरिए। उनकै आगामी पीढीका वैज्ञानिक स्टीफन हकिन्स त उनीभन्दा चार पाइला अगाडि थिए । हकिन्स शारीरिकरूपले लगभग पूर्णरूपमा अपाङ्ग थिए। युवावस्थामा उनी यस्तो रोगबाट पीडित भए कि उनको हात, खुट्टा, बोली सबैमा पक्षघात भयो । उनीसँग केवल सोच्ने मस्तिष्क मात्र बच्यो र साथै यस्तो अदम्य इच्छाशक्ति, जसले ब्रह्माण्डको सबैभन्दा जटिल रहस्यलाई सुल्झाउने ठाने। आफ्नो वैज्ञानिक शोधका कारण उनी यस युगको आइन्स्टाइन कहलाए । ब्रह्माण्डको उत्पत्तिदेखि ब्ल्याक होल एवं एलियनमाथि उनको विचारलाई पूरै संसारले निकै गम्भीरतापूर्वक सुन्यो। अहिलेसम्म उनका थुप्रै बेस्टसेलर पुस्तक बजारमा उपलब्ध छन् ।

महान् सङ्कल्प एवं अध्यवसायको बलमा राकफेलरको कङ्गालबाट धनकुबेर बन्ने कथा पनि एउटा उदाहरण हो । एउटा गरीब घरमा उत्पन्न राकफेलरका पिता बाल्यकालमा नै बिते । विधवा आमाले कसैगरी कुखुराको मासु बेचेर घरव्यवहार चलाइरहेकी थिइन् । राकफेलरले आमाको काममा साथ दिन थाले, साथै उनले कुखुराको मासु बेचेर सवा डलर प्रतिदिनको हिसाबले नोकरी गरे। यसबाट पाएको एक–एक डलरलाई उनले टुटेको केतलीमा जम्मा गर्न थाले। एक दिन टुटेको केतलीबाट उनले दुई सय डलर पाए र निकै खुशी भए । बालक राकफेलरले धनी बन्ने सूत्र हात पारेका थिए ।

उनी धनी बन्ने सङ्कल्प र अविचल धैर्यका साथै लक्ष्यतर्फ बढ्न थाले। शुरूमा उनले मजदूरी गरे र कछुवाको चालमा नै सही तर अविराम गतिले अगाडि बढ्दै गए र एक दिन अमेरिकाको प्रसिद्ध धनीको श्रेणीमा उनी उभिए । उनले बाँकी धनीभन्दा अलग एउटा विशिष्ट पहिचान बनाए । यसको आधार थियो– ईश्वरमाथि उनको अगाध विश्वास र परोपकार भाव, जुन उनले सदा मानवीय गरिमाबाट युक्त राखिरहे ।

उपासना राकफेलरको जीवनको अभिन्न अङ्ग थियो। विनाउपासना उनी कहिल्यै खाना खाँदैनथिए । विद्यालयको पढाइ उनीसँग बढी थिएन, तर आफ्नो बौद्धिक परिष्कार, नैतिक विकास एवं आत्मिक उत्थानको लागि श्रेष्ठ साहित्यको स्वाध्याय निरन्तर गर्दथे । धनलाई ईश्वरले दिएको विभूति मान्दथे र सत्पात्र एवं आवश्यकता भएकाहरूको लागि खुला हातले बाँड्थे । उनी आफ्नो युगको सबैभन्दा ठूलो दानवीर मानिए, उनले त्यति बेला लगभग तीन अर्ब रुपैयाँ दान दिए । शिक्षादेखि चिकित्साको क्षेत्रमा उनको परोपकारबाट मानिस सदैव उपकृत भइरहे।

राकफेलरले धनलाई कहिल्यै टाउकोमाथि चढ्न दिएनन् । यति ठूलो धनपति भएर पनि सामान्य एवं प्राकृतिक जीवन जिउँथे । यसैले एउटा स्वस्थ, सुखी एवं प्रसन्नचित्त ९७औं वसन्त उनले पूरा गरे । आज उनको जीवन निर्धन एवं धनी सबैका लागि प्रेरणाको स्रोत बनेको छ ।

शारीरिक, मानसिक एवं आर्थिक जीवनसरह आध्यात्मिक क्षेत्रमा पनि यस्ता थुपै स्त्री–पुरुष भए, जसले आफ्नो पछिल्लो जीवनलाई काँचुलीसरह फेरेर एउटा नयाँ जीवनको सुरुआत गरे र आध्यात्मिक विकासको शिखरमा आरूढ भए ।

सन्त आगस्टिन पश्चिमी सन्त थिए, जसको पूर्वजीवन सम्पूर्णरूपले कुटिलताले भरिएको थियो। रक्सीदेखि लागूऔषध दुर्व्यसनी, वेश्यागमनसम्म उनको चरित्र दागदार थियो, तर उनको हृदयमा यस गर्हित जीवनप्रति वितृष्णाको भाव उम्रियो, किनभने उनी ईश्वरका एक भक्त, सन्तको पवित्र निष्कलङ्क जीवन जिउन चाहन्थे। हरेक पतनको बाटोबाट उनको सच्चा जीवन जिउने पुकार तीव्रबाट तीव्रतर भयो। अन्ततः शुद्ध–बुद्ध जीवनको उनको गहनतम पुकारले जन्मान्तरको अचेतन पर्खाललाई भेदेर गयो र आध्यात्मिक अनुभूतिका साथ उनको कायाकल्प भयो । उनी अतिचेतनतर्फ लागे। आफ्नो जीवनको रूपान्तरणको आफ्नो मार्मिक अनुभूतिलाई उनले आफ्नो प्रख्यात ग्रन्थ 'दि कन्फेशन'मा लिपिबद्ध गरे। पछिल्लो जीवनलाई उनले पूर्णरूपले तिलाञ्जलि दिए र मध्यकालीन युरोपको आध्यात्मिक प्रकाशको स्तम्भको रूपमा दार्शनिक–आध्यात्मिक जगत्‌लाई आफ्नो दैवीय प्रभाबाट आलोकित गरे। सन्त आगस्टिनको नामबाट उनी आज पनि व्यक्तिको लागि प्रकाश एवं प्रेरणाका स्रोत हुन् ।

भारतमा तुलसीदास, सुरदासको कथाले पनि यस्तै उदाहरण पेश गर्छ। डाँकू अङ्गुलीमाल, नर्तकी आम्रपालीको जीवनको दारुण–त्रासद गाथाको सुखद रूपान्तरण मानव स्वभावमा निहित दैवीय तत्त्वको अपराजेय शक्तिको नै अद्भुत उदाहरण हो । कुनै कारण छैन कि मनुष्य यस सुरदुर्लभ मानव तनलाई पाएर दीन–हीन र दागले भरिएको जीवनलाई आफ्नो नियति मानोस्। यस मानुष–तनमा यस्तो खजाना भरिएको छ कि व्यक्ति यसबाट चाहेजस्तो वरदान पाउन सक्छ । आवश्यकता छ केवल सङ्कल्प जगाउन र असीम धैर्य एवं अध्यवसायको साथ अगाडि बढ्न ।

# राष्ट्रिय हितकेन्द्रित आर्थिक कूटनीति

समयान्तर




ओमप्रकाश खनाल
omkhanal@gmail.com


**अब पनि अवसरलाई समात्न सकिएन भने विकासमा कहिल्यै अगाडि बढ्न सक्दैनौं । समुद्री तट र बलौटे बगरमा उभिएका देशले त विश्वलाई विकासको नमूना देखाए भने हामीकहाँ खाँचो स्रोतको होइन, अभाव इमानदारी र कूटनीतिक चातुर्यको मात्रै हो ।**

कूटनीति राष्ट्रिय हित प्रवर्द्धनको यस्तो उपकरण हो, जसले विश्व अर्थराजनीतिमा सधैं आफ्नो स्वार्थलाई अग्रभागमा राखेको हुन्छ । एक समय थियो, विश्वका शक्ति राष्ट्रहरू आआफ्ना सामरिक शक्तिको होडमा एकोहोरिएका थिए । दोस्रो विश्वयुद्धपछि कूटनीतिको प्राथमिकता र स्वरूप फेरियो । विश्व राजनीति पूँजीवाद र समाजवादमा बाँडियो । सन् ९० को दशकतिर समाजवादको पतनपछि खुला बजार अर्थतन्त्रले विश्व अर्थ राजनीतिको अगुवाइ गऱ्यो । अहिले समाजवादी राजनीतिक विचार अँगालेका देशले पनि अर्थनीतिमा पूँजीवादलाई प्रवर्द्धन गरेका छन्। यसको निकट उदाहरण चीन हो।

उदार आर्थिक व्यवस्था अपनाएरै चीन आज विश्व बजारमा आक्रामक रूपमा अघि बढिराखेको छ । चीनले यतिखेर पूँजीवादको अग्रणी प्रवर्द्धक अमेरिकालाई टक्कर दिने आर्थिक शक्तिको रूपमा आफूलाई उभ्याएको छ। बेलायती वित्तीय कम्पनी स्ट्यान्डर्ड चार्टर्डको अध्ययनले अबको दशकभित्रै विश्व अर्थतन्त्रमा चीनको वर्चस्व एक नम्बरका स्थापित हुने प्रक्षेपण गरेको छ। यो तथ्यलाई बुझेको अमेरिकाले चीनको अग्रगति रोक्न अनेक उपाय लगाइराखेको छ। यतिखेर अमेरिका र चीनबीच चलिराखेको व्यापार युद्ध यसको सतही प्रतिक्रिया मात्रै हो ।

प्रमुख आर्थिक शक्तिबीच यो व्यापारिक प्रतिस्पर्धा नै अब विश्व राजनीतिमा वर्चस्वको माध्यम हो। शक्ति राष्ट्रहरू अब युद्ध उकासेर हतियारको व्यापारबाट आर्थिक सामर्थ्य हात पार्न सकिन्छ भन्ने भ्रमबाट मुक्त भइसकेका छन् । विश्वको शक्ति सङ्घर्षमा राजनीतिक विचारधारा र वादभन्दा व्यापारवाद निकै माथि उठिसकेको छ ।

आज वैचारिक र सामरिकरूपमा एकअर्काका दुश्मन मानिएका देशबीच व्यापारिक सम्बन्ध कायमै रहेको छ । भारत र पाकिस्तान आपसमा प्रमुख शत्रुको व्यवहार गर्दछन्। तर, यी देशबीच खर्बौंको कारोबार छ। आज भारत र चीन आपसका प्रतिद्वन्द्वी हुन् । यी दुवै देश एकअर्काका उत्पादन र सेवा खपतका प्रमुख बजार पनि हुन् । यी देशका सिमानामा जति नै टकराव किन उत्पन्न नहोस् व्यापार भने निरन्तर चलिराखेकै हुन्छ ।

हामी मुख्य आर्थिक शक्ति भारत र चीनको बीचमा छौं । आज चीन र भारत आर्थिक प्रतिस्पर्धी हुन्। भारत र चीन आर्थिक सशक्तीकरकणमा यति आक्रामक तरीकाले अगाडि बढिराखेका छन् कि, अबको केही वर्षमैं चीन विश्वको १ नम्बर आर्थिक सम्पन्न राष्ट्र बन्दा भारत दोस्रो स्थानमा उक्लिने अनुमान गरिएको छ । स्ट्यान्डर्ड चार्टर्डका अनुसार अहिलेसम्म विश्वकै एक नम्बर अर्थतन्त्र मानिएको अमेरिका सन् २०३० सम्म तेस्रो स्थानमा झर्नेछ । चीनसित व्यापारिक झगडा उसलाई रोक्ने अमेरिकी रणनीतिबाहेक अन्य केही होइन। अमेरिका यतिखेर विश्व बजारमा आफ्नो प्रभुत्वका अनेक उपायमा एकोहोरिएको छ ।

चीन मुख्य प्रतिस्पर्धामा रहेसम्म अमेरिकाले चीनलाई भारतको चश्माबाट हेर्नु अस्वाभाविक होइन। भारत आर्थिक स्पर्धामा आमनेसामने नभएसम्म अमेरिकाको कूटनीतिक भारतमैत्री हुन सक्दछ। अहिले भारतसित मिलेर चीनको आर्थिक क्षमता खुम्च्याउने ध्याउन्नमा रहेको अमेरिकाको रुचि नेपालको भूअवस्थितिमा पर्नु पनि अनौठो विषय होइन । अमेरिकाले एशिया प्यासिफिक क्षेत्रमा देखाएको सक्रियता र यसै समय सन्दर्भको सेरोफेरोमा हामीकहाँ भित्रिएको एमसिसीबीच तादाम्य छैन भनेर यसै ठोकुवा गर्नु पनि आलोकाँचो बुझाइ हुन सक्दछ।

विश्व अर्थराजनीतिमा पछिल्लो समय देखा परेको परिदृश्यले अब शक्ति सङ्घर्षको स्वरूप फेरिइसकेको स्पष्ट हुन्छ। यसका तौरतरीका बदलिएका छन्। अब कुनै देशलाई कमजोर बनाएर शक्तिमा स्थापित हुन बम र मिलाइल आक्रमण होइन, व्यापार नीतिको हतियार चलाउने अवस्था आएको छ । शक्ति राष्ट्रहरूले लगाउने आर्थिक नाकाबन्दी यसको अन्तिम हतियार हो ।

अमेरिकामा डोनाल्ड ट्रम्पको उदयपछि 'अमेरिका फस्ट' भन्ने राष्ट्रवाद मुखरित भएको देखिन्छ । जलवायु परिवर्तनको सम्झौता र विश्व व्यापार सङ्गठनसित अमेरिकी असहमतिजस्ता विषयभित्र व्यापारिक स्वार्थ नै मुख्य थियो । राजनीतिक आग्रह जेजस्तो भए पनि अहिले अमेरिकी सत्तामा उदाएका जे बाइडेनको प्रशासनले पनि 'अमेरिका फस्ट' नीतिलाई पछ्याएकै छ। बाइडेन नीति चीनप्रति नरम हुने अपेक्षा गरिए पनि उनले पनि चीनप्रति ट्रम्प दृष्टिकोणलाई नै निरन्तरता दिए । राष्ट्रिय हितका सवालमा अमेरिकी कूटनीतिक हाम्रा लागि अनुकरणीय विषय पनि हो ।

अफगानिस्तान मामिलामा वाइडेन प्रशासनले चालेको कदमले उनी अमेरिकी स्वार्थमा त ट्रम्पभन्दा पनि एक कदम अगाडि देखिएका छन्। अमेरिकी सेना फिर्ती प्रक्रिया पूरा नहुँदै अफगानिस्तानमा विकसित हिंसाप्रति अमेरिकाको जिम्मेवारी छ कि छैन भनेर एउटा टेलिभिजनले सोध्दा वाइडेनले अफगानिस्तानप्रति आफ्नो जिम्मेवारी नभएको मात्र बताएनन्, आफ्नो पहिलो दायित्व अमेरिकी जनताको सुरक्षा भएको स्पष्ट पारे। अफगानिस्तानबाट अमेरिकी नेतृत्वको सेनाको फिर्ती पनि हतियारको बलमा शक्तिमा स्थापित हुन नसकिने सत्यको स्वीकारोक्ति र सन्देश दुवै हो।

सन् २००१ मा ओसामा बिन लादेनलाई खोज्न अफगानिस्तानमा अमेरिकी सेना छिरेपछि अमेरिकाले यो युद्धमा कुल २२.६ खर्ब डलर खर्च गरेको रिपोर्टहरू सार्वजनिक भएका छन् । अफगानिस्तानको पुनर्निर्माणमा अमेरिकाले १४३ अर्ब डलरभन्दा बढी खर्च गरेको छ । युद्ध खर्चको ब्याजमा मात्रै ५ अर्ब डलरभन्दा बढी खर्च भएको थियो । बिबिसीका अनुसार अमेरिकी नेतृत्वको नेटोका ३१ सय सैनिकको ज्यान गएको छ। जसमा अमेरिकाकै २४ सय ४८ सैनिक थिए । अफगानिस्तानको सत्तामा तालिबानको उदयपछि भएका आत्मघाती विस्फोटमा पनि अमेरिकी सैनिक मारिएका छन् ।

अफगान युद्धमा मारिएका कुल २७० हजारमध्ये ७१ हजार गैरसैनिक नागरिक छन् । ६९ हजार अफगान सुरक्षाकर्मीको मृत्यु भएको छ। तालिबानी र अन्य विद्रोहीतर्फ ८४ हजारको ज्यान गयो । निजी सुरक्षा प्रदायकका ३१ सयभन्दा बढी सुरक्षा कर्मचारी पनि मारिए। युद्धको त्रासदीबाट कम्तीमा ३७ लाख मानिस भागेर छिमेकी देशमा शरणार्थी बन्न पुगे भने ३२ लाख अफगानी देशभित्रै विस्थापित अवस्थामा छन् । अफगान युद्धको यो तथ्याङ्कको तात्पर्य, हतियारको युद्ध भौतिक र आर्थिक सामर्थ्यको बर्बादीमात्रै हो भन्ने बुझेरै 'युद्ध निचोडमा नपुग्दै' अमेरिका अफगानिस्तान मामिलाबाट फिर्ता भएको भेउ पाउन असहज छैन ।

सामरिक सङ्घर्षले कहिल्यै पनि सुखद सामर्थ्य उत्पादन गरेको छैन। यो सत्यलाई बुझेरै शक्ति राष्ट्र अमेरिका अब व्यापारिक द्वन्द्वको प्रवर्द्धनमा लागेको छ । ऊ हतिरयारबद्ध युद्धबाट पछि हटिराखेको छ । आजको विश्व राजनीतिमा अबको सामर्थ्य सामरिक शक्तिमा होइन, आर्थिक शक्तिमा केन्द्रित भइसकेको छ । मिसाइल युद्धको ठाउँ अब व्यापारिक युद्धले लिएको छ। शक्ति राष्ट्रहरूले हतियारको होड पन्छाएर आर्थिक स्वार्थलाई कूटनीतिको विषयवस्तु बनाउन थालेका छन् ।

विश्वव्यापीकरणको स्थान क्षेत्रीय ध्रुवीकरणले लिन थालेको छ । कति देशले त आफ्नो आर्थिक स्वार्थका निम्ति वैश्विक र क्षेत्रीय आबद्धता त्यागेका छन्। युरोपियन युनियनबाट बेलायतको बहिर्गमन र विश्व व्यापार सङ्गठनबाट बाहिरिने चेतावनी यो उद्देश्यका प्रतिनिधि सन्दर्भ मात्र हुन् ।

एशिया केन्द्रित अबको विकास र समृद्धिको सम्भावनालाई विश्वले आत्मसात् गरिराख्दा अब यो अवसरको दोहन हाम्रो कूटनीतिको मूल ध्येय बन्नु पर्दछ। आर्थिक शक्तिको निकट र केन्द्रीय चासोमा रहेर आर्थिक अवसरको सदुपयोग गर्न सकिएन भने त्यो विडम्बना नै हुनेछ। अब पनि अवसरलाई समात्न सकिएन भने विकासमा कहिल्यै अगाडि बढ्न सक्दैनौं । समुद्री तट र बलौटे बगरमा उभिएका देशले त विश्वलाई विकासको नमूना देखाए भने हामीकहाँ खाँचो स्रोतको होइन, अभाव इमानदारी र कूटनीतिक चातुर्यको मात्रै हो ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# अमेरिकी ड्रोन आक्रमणमा 'आइएस–के समूहका योजनाकार' को मृत्यु

काबुल, १२ भदौ/एएफपी

अफगानिस्तानमा रहेको इस्लामिक स्टेट समूहविरुद्ध हवाई आक्रमण गरेको र उक्त आक्रमणमा इस्लामिक स्टेट खोरसान (आइएस–के) भन्ने समूहका सदस्यहरूको मृत्यु भएको अमेरिकी सेनाले बताएको छ । अमेरिकाले नान्गाहार प्रान्तमा गरेको सो कारबाईमा एउटा ड्रोन प्रयोग गरिएको शनिवार पुष्टि गरेको छ ।

यस अघि अमेरिकी सैनिकहरूले काबुल विमानस्थलमा सुरक्षा दिइरहेका समय बिहीवार विमानस्थल नजीकै १७० जनाको ज्यान लिने गरी उक्त समूहले आक्रमण गरेको थियो । काबुल विमानस्थल बाहिर उद्धारको पर्खाइमा रहेका महिला, पुरुष र बालबालिकाको भीडमा उक्त आत्मघाती विस्फोटन गराइएको थियो ।

आइएस–केले विमानस्थलमा भएको आक्रमणको जिम्मेवारी लिएको बिबिसीले बताएको छ । सो समूहले काबुल विमानस्थल बाहिर रहेको महिला, पुरुष र बालबालिकाको भीडमा आत्मघाती विस्फोटन गराएको थियो ।

यसैबीच काबुलमा रहेका अमेरिकी अधिकारीहरूले थप आक्रमणलाई ध्यान दिँदै विमानस्थलको प्रमुख क्षेत्रभन्दा परै बस्न नयाँ चेतावनी जारी गरेका छन् ।

त्यस्तै वरिष्ठ तालिबानी अधिकारीहरूले उनीहरूले काबुल विमानस्थलको मुख्य भाग नियन्त्रणमा लिएको र अमेरिकीहरू जानेबित्तिकै सम्पूर्ण विमानस्थल कब्जामा लिने बताएका छन् । अमेरिकाले अन्तिम समयसम्म अफगानहरूको उद्धार जारी राख्ने र विमानस्थल अझै पनि आफ्ना फौजको नियन्त्रणमा रहेको बताइरहेको छ ।

अमेरिकाले नान्गाहारमा गरिएको ड्रोन आक्रमणबारे प्राप्त 'प्रारम्भिक सङ्केतहरूले' इस्लामिक स्टेटका सदस्य मारिएका र कुनै पनि गैरसैनिक हताहत नभएको बताएको छ ।

अमेरिकी राष्ट्रपति जो बाइडनले बिहीवार भएको आत्मघाती आक्रमणमा संलग्न जिहादीलाई नछाड्ने बताएको केही घण्टापछि उक्त कारबाही गरिएको थियो । इस्लामिक स्टेट समूहको एउटा सानो सङ्गठन रहेको उक्त समूह सबैभन्दा उग्र र हिंसात्मक जिहादी लडाकू समूह हो । रासस

# सेप्टेम्बर हमलामा ओसामा बिन लादेन संलग्न रहेको प्रमाण छैन –तालिबान

काबुल, अफगानिस्तान, १२ भदौ/एएनआई

तालिबान समूहले अलकायदा प्रमुख ओसामा बिन लादेनको सेप्टेम्बर ११, २००१ मा भएको आतङ्कवादी हमलामा संलग्न भएको 'कुनै प्रमाण नभएको' बताएको छ ।

अफगानिस्तानमा आफ्नो अघिल्लो शासनका क्रममा केही वर्षसम्म ओसामा बिन लादेनलाई सुरक्षित वास प्रदान गरेको तालिबान समूहले सेप्टेम्बर ११ हमलापछि लादेनलाई अमेरिकालाई हस्तान्तरण गर्न अस्वीकार गरेको थियो । वाशिंगटन पोस्टका अनुसार–"तालिबानी प्रवक्ता जाबिहुल्लाह मुजाहिदले एनबिसी समाचारलाई बुधवार दिएको अन्तर्वार्तामा भनेका छन्–"जब ओसामा बिन लादेन अमेरिकीहरूका लागि मुद्दा बने, उनी अफगानिस्तानमा थिए ।"

लादेन सेप्टेम्बर ११ को आक्रमणमा संलग्न भएको कुनै प्रमाण नभएको दाबी गर्दै उनले थपे–"यद्यपि अहिले हामीले अफगान भूमि कसैका विरुद्ध प्रयोग हुने छैन भनेर प्रतिज्ञा गरेका छौं ।"

सन् २००१ मा बिन लादेनको योजनामा वर्ल्ड ट्रेड सेन्टरका टावर र पेन्टागनमा भएको आक्रमणपछि राष्ट्रपति जर्ज डब्लु बुशले तालिबानी समूहसँग लादेनलाई हस्तान्तरण गर्न आग्रह गरेका थिए । आग्रहलाई अस्वीकार गर्दा तत्कालीन अमेरिकी राष्ट्रपति बुशले अमेरिकी हवाई हमलाको अभियान शुरू गरेका थिए । अफगान नर्दन एलायन्सको स्थल सेनासँगसँगै मिलेर इस्लामवादी शासनलाई ध्वस्त पारेको वाशिंगटन पोस्टले समाचारमा लेखेको छ ।

ओसामा बिन लादेन विश्वव्यापी आतङ्ककारी समूह अल कायदाका प्रमुख र सन् २००१ मा संयुक्त राज्य अमेरिकामा भएको सेप्टेम्बर ११ आतङ्ककारी हमलाका प्रमुख योजनाकार रहेको मानिन्छ । उनी सन् २०११ मा ग्यारेसन शहर अबोटाबादमा अमेरिकी नौसैनिक सिलद्वारा परिचालित सैन्य अभियानका क्रममा मारिएका थिए । तालिबानले अफगानिस्तान आफ्नो कब्जामा लिएपछि अफगान भूमि आतङ्ककारी उत्पादन केन्द्र बन्ने चेतावनी केही सैन्यविद्हरूले बताएका छन् ।

गत वर्ष दोहामा हस्ताक्षर गरिएको अमेरिका–तालिबान सम्झौता अनुसार तालिबानले अल कायदासँग सम्बन्ध तोड्ने प्रतिज्ञा गरेको छ । सन् २००१ देखि यो समूह निकै कमजोर भए तापनि यसका लडाकूहरू अफगानिस्तानमैं रहेका विश्वास गरिएको छ । गत महीना संयुक्त राष्ट्रसङ्घले दायस र अल–कायदाजस्ता आतङ्ककारी समूहको खतरा अफगानिस्तानका धेरै स्थानमा विस्तार भइरहेको चेतावनी दिएको थियो र शान्ति प्रक्रियासँग सम्बन्धित कामहरू अनिश्चित र थप बिग्रने खतरामा रहेको बताएको थियो । यसले यस क्षेत्रको नै सुरक्षा स्थिति कमजोर बन्ने राष्ट्रसङ्घको बुझाइ थियो । रासस

# साताको शेयर बजारः ४१ अर्ब ६३ करोडको कारोबार

काठमाडौं, १२ भदौ/रासस

सार्वजनिक बिदाका कारण यस साता धितोपत्र बजारमा तीन दिन मात्रै शेयर कारोबार भयो । आइतवार र सोमवार




सार्वजनिक बिदाका कारण बजार बन्द रह्यो । मङ्गलवार, बुधवार र बिहीवार शेयर कारोबार भयो । यस साता जलविद्युत् कम्पनीको शेयरमा केही दबाब देखा पऱ्यो ।

साताभर कुल २३२ कम्पनीको छ करोड ६६ लाख छ हजार ४७५ कित्ता शेयर कारोबार भयो । साताभरको कुल कारोबार रु ४१ अर्ब ६३ करोड ८५ लाख ४६ हजार ३५६ बराबर रह्यो । कारोबार भएका ती दिनमा पनि बजार उतारचढावपूर्ण अवस्थामा रह्यो ।

कारोबार भएको पहिलो दिन अर्थात् मङ्गलवार शेयर कारोबार मापक नेप्से परिसूचकमा उच्च अङ्कको गिरावट देखियो । त्यस दिन विशेषगरी विकास बैंक र जलविद्युत् उपसमूहको शेयर मूल्यमा उच्च अङ्कको गिरावट देखियो । पछिल्ला दिनमा जलविद्युत् उपसमूहको शेयरमा अस्वाभाविक चलखेल भएको भन्दै गुनासो बढेको थियो । विद्युत् नियमन आयोगले समेत सो सम्बन्धमा चासो व्यक्त गरेको थियो । नेपाल स्टक एक्सचेन्जका अनुसार मङ्गलवार नेप्से ५६.०३ बिन्दुले घटेर तीन हजार १२४.८७ मा ओर्लियो । यस्तै ठूला कम्पनीको शेयर कारोबार मापक सेन्सेटिभ परिसूचक १२.८१ बिन्दुले घटेर ५७७.६६ मा घटेको छ ।

कुल २२५ कम्पनीको दुई करोड ५३ लाख १६ हजार ८०५ कित्ता शेयर रु १६ अर्ब १२ करोड ४४ लाख ६८ हजार ६० मा कारोबार भयो । त्यस दिनको कारोबारपछि बजार पूँजीकरण रु ४३ खर्ब ६६ अर्ब छ करोड १९ लाख १० हजार बराबरमा सीमित भएको छ । कारोबार भएका कुल १३ उपसमूहमध्ये दुई उपसमूहको शेयर मूल्य उकालो लागेको छ भने ११ उपसमूहको शेयर ओरालो लाग्यो । विवरण अनुसार त्यस दिन १६ कम्पनीको शेयर मूल्य १० प्रतिशतले ओरालो लागेपछि नकारात्मक सर्किट लाग्यो । मङ्गलवार जस्तै धितोपत्र बजारमा बुधवार पनि शेयर कारोबार मापक नेप्से परिसूचक उच्च अङ्कले ओरालो लाग्यो । त्यस दिन नेप्से ४८.४४ अङ्कले घटेर तीन हजार ७६.४४ मा ओर्लियो ।

यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ९.६७ बिन्दुले घटेर ५६७.९९ मा ओर्लेको छ । नेप्सेसँगै कारोबार रकमसमेत खुम्चियो । कुल २२७ कम्पनीको एक करोड ९५ लाख ९९ हजार ८९ कित्ता शेयर रु १२ अर्ब नौ करोड २१ लाख तीन हजार ५०४ मूल्यमा खरीद–बिक्री भयो । त्यस दिनको कारोबारपछि बजार पूँजीकरण रु ४२ खर्ब ९८ अर्ब ४० करोड ८९ लाख ६० हजार बराबर पुग्यो । सो दिन कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्यमा गिरावट आयो । कारोबारका आधारमा अरुण–काबेली पावर शीर्ष स्थानमा रही रु ४८ करोड ७१ लाख पाँच हजार ३४६ बराबरको शेयर खरीद–बिक्री भयो ।

बिहीवार नेप्सेमा दोहोरो अङ्कको सुधार भयो । त्यस दिन नेप्से १७.६० अङ्कले बढेर तीन हजार ९४.०५ बिन्दुमा पुगेको छ ।

यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ३.४० बिन्दुले बढेर ५७१.३९ मा पुगेको छ । नेप्सेले उचाइ प्राप्त गरे पनि कारोबार रकम भने उल्लेख्य वृद्धि भएन । कुल २३२ कम्पनीको दुई करोड १६ लाख ९० हजार ५८५ कित्ता शेयर रु १३ अर्ब ४२ करोड १९ लाख ७४ हजार ७९२ मूल्यमा खरीद–बिक्री भयो । साताको अन्तिम दिनको कारोबारका आधारमा रु ४३ खर्ब २३ अर्ब ती लाख २७ हजार ६२२ बराबरको बजार पूँजीकरण पुगेको छ । नेप्सेका अनुसार कारोबार भएका १३ उपसमूहमध्ये पाँच उपसमूहको शेयर उकालो लाग्दा आठ उपसमूहको शेयर भने ओरालो लाग्यो ।

दुई दिन ओरालो लागेको नेप्सेमा सुधार आउँदा विभिन्न नौ कम्पनीको शेयरमा सकारात्मक सर्किट लाग्यो ।

# सबै नागरिकलाई चैतभित्र खोप

इनरुवा, १२ भदौ/रासस

सरकारका प्रवक्ता तथा कानून, न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले वर्तमान सरकारको पहिलो प्राथमिकता सबै नागरिकलाई खोप पुऱ्याउनु रहेको बताएका छन् । सुनसरी सदरमुकाम इनरुवा–९ बबियामा आज



नेपाली काङ्ग्रेस वडा कमिटीले आयोजना गरेको कार्यक्रममा मन्त्री कार्कीले कोरोना महामारीका कारण सबै क्षेत्र प्रभावित भएको उल्लेख गर्दै चैतसम्म सबै नागरिकलाई खोप प्रदान गर्ने विश्वास दिलाए ।

नेपाली काङ्ग्रेसको नेतृत्वमा निर्माण भएको गठबन्धनको सरकारमाथि जनताको ठूलो अपेक्षा र भरोसा भएको उनको भनाइ छ । जनताको जीउधन, संविधान, लोकतन्त्र रक्षा गर्नाका साथै शान्ति अमनचयन कायम गर्नु अहिलेको सरकारको प्रमुख दायित्व भएको मन्त्री कार्कीले बताए ।

कार्यक्रममा समाजसेवी मौलान हारून खाँसहित विभिन्न पार्टी परित्याग गरेर काङ्ग्रेसमा प्रवेश गरेका थिए । नवप्रवेशीलाई पार्टीका केन्द्रीय सदस्य तथा मन्त्री कार्की, पार्टीका जिल्ला सभापति तथा १ नं प्रदेशका प्रमुख प्रतिपक्षी दलका नेता राजीव कोइराला, सङ्घीय सांसद सीताराम मेहता, इनरुवा नगरपालिकाका प्रमुख राजन मेहता, कोशी गाउँपालिकाका अध्यक्ष अयुब अंसारी, हरिनगर गाउँपालिकाका अध्यक्ष गफार अन्सारीलगायत नेता तथा कार्यकर्ताले पार्टीमा स्वागत गरेका थिए ।

## काबुलको उद्धार उडान र विमान चालकको अनुभव

# पेरिस,-मैथ्यु रबिशाल्ट, भलेरी लेरक्स र अल दाफ्रा

पेरिस, ११ भदौ/एएफपी

काबुल र वरपरको वातावरण भयानक देखिन्छ । जमीनको अवस्था अस्तव्यस्त छ तर विमानचालकका लागि सही समय र यसको सही व्यवस्थापन आवश्यक हुन्छ । यात्रुहरू थकित र तनावग्रस्त हुन्छन् । तालिबान नियन्त्रित काबुलबाट विदेशी नागरिक र अफगानहरूलाई उद्धार गर्ने विमानको रेखदेख गर्ने पाइलटका लागि अफगानिस्तानको राजधानीभित्र र बाहिर को उडान अन्य सामान्य यात्रा भएको छैन ।

विमानचालकहरूले उच्च भूभागमा पहाडहरूले घेरिएको विमानस्थलको जटिलता उचाइबाट पहिलेदेखि नै सामना गरिरहनुपरेको छ ।

सैन्य विमान र उद्धार उडानको प्रमुख यात्रा केन्द्र भएका कारण आकाशमा हवाई ट्राफिक हुने हुँदा दुर्घटना जोगाउनु चालकहरूका लागि सहज छैन । पश्चिमी राष्ट्रहरूले सर्वसाधारणको सुरक्षाका लागि दोस्रो विश्वयुद्धपछि सबैभन्दा जटिल उद्धार कार्य बन्द गर्न थालिसकेको बताउने विमानचालकहरूले एएफपीसँग अवतरणका अनुभव बाँडे । उनीहरूले गन्जागोल अवस्थाबीच नै काबुल विमानस्थलबाट उडेको अनुभव बताए ।

फ्रान्सेली ए–४००–एम सैन्य परिवहन विमानका कप्तान कमान्डर स्टेफनका अनुसार विमानस्थलमा पाँच हजार ८०० अमेरिकी सैन्य अधिकारी तैनाद छन् । अमेरिकी सेनाले सबै हवाई आकाशको ट्राफिक नियन्त्रण, विमानस्थल नियन्त्रण, टावर नियन्त्रण, उडान तथा अवतरण तालिका सञ्चालन गरिरहेको हुन्छ ।

एएफपीसँग अल–धाफ्रास्थित फ्रेन्च आधार शिविर १०४ (फ्रान्सले प्रयोग गरेको ट्रान्जिट बिन्दु) मा आफ्नो थर नबताउने शर्तमा उनले भने–"यो




विमानजस्तै हामीलाई हाम्रो प्रणालीले धेरै सहयोग गरेको हुन्छ । हाम्रो अवतरण दृश्यको सहयोगमा अन्त्य हुन्छ ।"

"प्रणालीले हामीलाई धेरै मदत गर्ने हुनाले हामीलाई बाहिर ध्यान केन्द्रित गर्न र खतराको निगरानी गर्न सहयोग पुग्छ"–उनले थपे ।

"सम्भाव्य क्षेप्यास्त्र आक्रमणबाट ए–४००–एमले प्रक्षेपणलाई छक्याउन तीव्र ताप उत्पन्न गर्ने अवरक्त सङ्केतहरू खसाल्न सक्छ । धावनमार्ग नजीकै पुग्दा विमान 'हाम्रो दृष्टिमा आएका दौडानका खतराबाट बच्न' जमीनतिर तीव्र गतिमा अघि बढ्छ ।"

आउने र जाने विमानको एयर ट्राफिकलाई 'पानाको सूत्रबद्ध सङ्गीतजस्तै व्यवस्थित गरिएको स्टेफनले बताए । उनले भने–"सबै राष्ट्रबाट आउनेजाने विमानका कारण यति धेरै एअर ट्राफिक थियो कि व्यवस्थित नभएको भए उद्धार सम्भव नै हुने थिएन ।"

विमानचालकहरूले "अवतरण र उडेको आधा घण्टा मात्र आफ्नो 'स्लट' को 'पूर्णतया' आदर गर्नुपर्ने बताउँदै उनले भने–जमीनमा धेरै जहाज थिए तर ती 'सुव्यवस्थित' तवरले उडाइयो ।"

अगस्त १५ मा काबुल तालिबान समूहको नियन्त्रणमा गएको थियो । अन्तर्राष्ट्रिय समुदायले अनुमान नगरेको तालिबानको यो गतिले हजारौंलाई शहरको विमानस्थलतिर भीड लाग्न बाध्य बनायो ।

यो तत्काल देश बाहिर जाने एक मात्र विकल्प थियो । "त्यो बिहान यात्रु वाहक विमान अवतरण गर्दा सबै कुरा सामान्य देखिएको थियो"–पाकिस्तान इन्टरनेशनल एयरलाइन्स (पिआइए) का पाइलट मक्शुद बराजनीले भने । उनले भने–"फर्कने उडान शुरू गर्नुपूर्व निर्देशनको प्रतीक्षा गर्दैथियौं । मैले बाहिर त्रास छ भन्ने कुरा थाहा पाउन थालें । स्थिति सामान्य थिएन ।"

उनले थपे–"विमानस्थलभित्र धेरै मानिस हतार गरिरहेका थिए । कतै गोली चलेको पनि सुनियो ।"

अर्को विमानलाई पछ्याउन जहाज अगाडि बढाउन थालेको समय नियन्त्रणद्वारा यात्रुको फ्लो बढी भएको बताइएको र विमान अघि नबढाइएको बार्जानीले एएफपीसँग भने । त्यसपछि उनले स्थिति सामान्य नभएकोले अनुमति नपाए पनि उड्नुपर्ने त होइन भनी सहचालकसँग सल्लाह लिएका थिए ।

"एक घण्टाको लागि परिस्थिति नियालिसकेपछि मैले विमान उडाएँ । आकाश सफा थियो जसले गर्दा मैले सैन्य ट्राफिक जामबाट बच्न सहज भयो । चिनूक, गनशिप हेलिकप्टर र अरू केही मालवाहक विमान आकाशमा देखिन्थे । केही मिनेट ढिला गरेको भए हामी उड्न सक्दैनथ्यौं । त्यो नै उक्त दिनको अन्तिम व्यापारिक उडान थियो ।"

उनका पिआइए सहकर्मी उजाइर खान सोही दिन केही समय अघि काबुल विमानस्थलबाट उडेका थिए । उनले यात्रुहरूलाई आतङ्कित अवस्थामा देखेर पनि विमानमा शान्त बन्नुपरेको स्मरण गरे ।

"अधिकांश यात्रुहरू या त राष्ट्रपति अशरफ गनीको मन्त्रिमण्डलमा थिए वा कुनै न कुनै तरीकामा सरकारको एउटा भागमा थिए । तिनीहरू आफ्नो परिवारसहित देश छोडेर भागिरहेका थिए र हामीलाई सकेसम्म चाँडै भाग्न दबाब दिइरहेका थिए ।"

"त्यहाँ कुनै सञ्चार थिएन र प्राविधिक निर्देशन पनि सबै जिम्मा म आफैंमा निर्भर थियो । परिस्थितिलाई आफैंले नियन्त्रणमा राख्न मलाई भनिएको थियो ।"

उनले भने–"यात्रुहरू कुनै पनि हालतमा उड्न र अफगानिस्तानबाट बाहिर निस्कन चाहन्थे र विमान अन्तमा इस्लामाबाद आइपुग्दा बल्ल राहतको अनुभव भयो ।"

पछिल्ला दिनहरूमा गन्जागोल बढ्यो । रोयल एयर फोर्सले जारी गरेको ब्रिटिश सी–१७ को फोटोमा मानिसहरू सात वा आठ पङ्तिमा भुइँमा बसिरहेका पाइयो ।

फ्रान्सेली आधार १०४ का कमान्डर कर्नेल यानिक डेबोइसकाले भने–"यस्तो बेला विमानचालक तर्कसङ्गत रहनुपर्छ, धेरै टाढा जान नपर्ने अवस्थामा विमानको प्रदर्शन विश्लेषण गर्नुपर्छ र लिन सक्ने अधिकतम नम्बर मात्र स्वीकार गर्नुपर्छ ।"

एक फ्रान्सेली ए–४००–एममा सामान्यतया ११० सीट हुन्छ तर यहाँ हामीले २३५ जनासम्म राख्यौं । यात्रुहरू भुइँमा तर सुरक्षित अवस्थामा बसेका थिए ।

अमेरिकी सी–१७ विमान ४०० भन्दा धेरै यात्रुलाई भुइँमा राखी बोक्नको लागि डिजाइन गरिएको हुन्छ तर शुरूतिरको उडानमध्ये एउटा उडानले ८२९ जना बोकेको थियो । डेबोइसले भने–"यो तौलसम्बन्धी सबैभन्दा महत्त्वपूर्ण प्रश्न हो र यात्रुहरूको सङ्ख्या धेरै भएपनि यसमा थुप्रै केटाकेटीहरू पनि पर्छन् ।

जमीनबाट उडेपछि भने काम सजिलो हुन्छ । "मानिसहरू थकित हुन्छन् । साधारणतया तिनीहरू सुत्छन् र हामी आफ्नो काम गर्छौं"– कमान्डर स्टिफनले बताए । रासस

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# वीरगंजका तीन स्थानमा रक्तदान

प्रस, वीरगंज, १२ भदौ/

वीरगंजमा शनिवार तीन स्थानमा भएको रक्तदान कार्यक्रममा २४ जना महिलासहित १६६ जनाले रक्तदान गरेको रक्त सञ्चार केन्द्र, वीरगंजका प्रमुख उदयराज शर्माले बताए।







मध्यनेपाल सन्देश साप्ताहिकको वार्षिकोत्सवमा पत्रिकाको कार्यालय वीरगंज-८ पानीटङ्कीमा आयोजित रक्तदान कार्यक्रममा नौजना महिलासहित ५१ जनाले रक्तदान गरेको रक्त सञ्चार केन्द्र वीरगंजकी प्राविधिक डिल्लीमाया घिमिरेले बताइन्। पत्रिकाकी सम्पादक कविता खड्काले रक्तदान गरेर कार्यक्रम शुभारम्भ गरेकी थिइन्। कार्यक्रममा शर्मिला न्यौपाने, मातृका पौडेल, सन्ध्या पौडेल, पूजा पडित, सीता भण्डारी, नीलम पन्त, श्रीराम खतिवडा, प्रदीप विष्टलगायतले रक्तदान गरेका थिए।

यसैगरी, तेरापन्थ युवक परिषद् वीरगंजले शनिवार आयोजना गरेको रक्तदान कार्यक्रममा आठजना महिलासहित ९१ जनाले रक्तदान गरेका छन्।

कार्यक्रममा रञ्जीत पोखरेल, कोमल खुराना, पूजा वैगानी, श्रृति मनोट, सुनील मनोट, लोकेश जैन, श्वेता वैगानी, जयश्री मनोट, श्वेता बोथियालगायतले रक्तदान गरेको प्राविधिक प्रमुख पाण्डेले बताए।

रक्त सञ्चार केन्द्रमा रगतको अभाव भएपछि अखिल भारतीय तेरापन्थ युवक परिषद्को अगुवाइमा कार्यक्रम सम्पन्न भएको हो। सो अवसरमा कार्यक्रममा प्रमुख अतिथि नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारीलाई सम्मान गरिएको थियो।



जैन श्वेताम्बर तेरापन्थ परिषद् सभा र तेरापन्थ महिला मण्डलको सहयोग रहेको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी रक्त सञ्चार केन्द्रको टोलीले प्राविधिक सहयोग गरेको थियो।

कार्यक्रममा जैन श्वेताम्बर तेरापन्थ नेपाल, बिहार, झारखण्ड सभाका उपाध्यक्ष अशोककुमार बैद, वीरगंज सभाका अध्यक्ष निर्मलकुमार सिन्धी, निवर्तमान अध्यक्ष राजकुमार बैदको सहभागिता थियो।

यसैगरी, गहवामाई स्टेन स्काउट ग्रुपले आयोजना गरेको रक्तदान कार्यक्रममा चारजना महिलासहित २४ जनाले रक्तदान गरेको रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए। कार्यक्रममा मनिता लाखे, सीता ढुङ्गाना, इन्द्रदेव साह, बजरङ्ग साह, विशाल सर्राफ, कुन्दन अर्याललगायतले रक्तदान गरेको प्राविधिक कुशवाहाले बताए।

# खेलकुदको संसार

## निर्मल समाज क्लब फाइनलमा

प्रस, ठोरी, १२ भदौ/

श्रीकृष्ण जन्माष्टमीको अवसरमा अमृत युवा क्लब ठोरी-२ सुन्दरबस्तीको कृष्ण मन्दिरको खेल मैदानमा जारी फूटबल खेलको दोस्रो सेमिफाइनलमा निर्मल समाज क्लब ठोरी-१ ले विजयबस्ती फूटबल टिम ठोरी-४ लाई ०-१ गोल अन्तरले हरायो। मध्यान्तरसम्म कुनै पनि टिमले गोल गर्न सकेन। मध्यान्तरपछिको खेलमा निर्मल समाज क्लबका जर्सी नम्बर ७ का कृजन मगरले पाएको अवसर सदुपयोग गर्दै फाइनल खेलमा वनशक्ति स्पोर्ट्स क्लबसँग भेट पक्का भएको हो। वनशक्ति स्पोर्ट्स क्लब यस अघि नै फाइनल प्रवेश गरिसकेको छ।



आजको खेलको म्यान अफ द म्याच निर्मल समाज क्लबका गोलरक्षक सन्दिप तामाङ घोषित भए। म्यान अफ द म्याच भएका खेलाडीलाई वडा नं १ का वडाध्यक्ष रामप्रकाश कुँवरले मेडल, टीका र खादा ओढाइ पुरस्कृत गरेका थिए।

श्रीकृष्ण जन्म अष्टमीको दिन फाइनल खेल हुने आयोजक समितिका अध्यक्ष यादवराज कुँवरले जानकारी दिए।

खेलको प्रथम पुरस्कार अमेरिका बस्दै आएका सुन्दरबस्ती स्थायी घर भएका सन्तोष गुरुङले प्रायोजन गरेका छन् भने दोस्रो पुरस्कार नाङ्साल बेकरी ठोरी-२ आअले प्रायोजन गरेको तथा खेलभरि सर्वाधिक गोलकर्तालाई दिने पुरस्कारको ठोरी-२ चोकबजारमा रहेको रूपाखेती कलेक्शनले प्रायोजन गरेको आयोजक समितिका सचिव शम्भु गुरुङले जानकारी दिए। खेलमा प्रथम हुने टिमलाई नगद ३० हजार, मेडल, कप र प्रमाणपत्र तथा दोस्रो हुने टिमलाई नगद रु १५ हजार, मेडल, कप तथा प्रमाणपत्र तथा पुरस्कार दिने व्यवस्था रहेको आयोजकले जनाएको छ।

# धानबालीमा गोबारे र लिफरोलर कीराको प्रकोप

प्रस, पोखरिया, १२ भदौ/

पर्सा जिल्लाको बजियान क्षेत्रका किसानले लगाएको धानबालीमा गोबारे र लिफरोलर कीराले सताएको छ।


तस्वीरः प्रतीक

अगहनी धानखेतीमा गोबारे र लिफरोलर कीराको प्रकोप बढेको धोबिनी गाउँपालिका-३ गुलरियाका किसान वीरशम्शेर पटेलले बताए। उनले अधिकांश धान खेतमा यी कीराको प्रकोप रहेको बताए। यी कीरा लागेको धानको पात सेतो हुने र कुहिएर जाने गरेको किसान पटेलले बताए।

बजियान क्षेत्रको पोखरिया नपा, कालिकामाई, धोबिनी, छिपहरमाई, पकाहामैनपुर, विन्ध्यवासिनी गापालगायतमा किसानले लगाएको धानबालीमा यी कीराले सताएको बताइएको छ। पकहामैनपुर गापाका जेटिए हरिनारायण चौरसियाले गोबारे कीराबाट धानबालीलाई जोगाउन मोनोप्रोटोफस, एफिसेड, नुरानी ५०५ मध्ये कुनै एउटाको प्रयोग गर्न र लिफरोलर कीराविरुद्ध नुरानी ५०५ वा कोलोरोपाइरिफसको प्रयोग गर्न सुझाएका छन्। उनले यी औषधि एक लिटर पानीमा बढीमा चार एमएल मिसाएर धानबालीमा छर्दा यी कीराबाट उन्मुक्ति मिल्ने बताए। उनले समयमा यसको उपचार नगरे धानबाली नसप्रने र उत्पादन घट्ने बताए।

# धर्मशालामा वृक्षारोपण, पक्की कुर्सी निर्माण


तस्वीरः प्रतीक

प्रस, पोखरिया, १२ भदौ/

पोखरिया नगरपालिका-९ सेमरवारीमा रहेको धर्मशालामा शनिवार वृक्षारोपण गरिएको छ।

नयाँ जनशक्ति युवा क्लब पोखरियाको आयोजना तथा वीरगंजका व्यवसायी सत्यनारायण क्याल र गणेश लाठको सहयोगमा वृक्षारोपण तथा पक्की कुर्सी निर्माण गरिएको क्लबका अध्यक्ष रामबाबू चौहानले बताए। उनले धर्मशालामा आउनेहरूलाई थकान मार्नका लागि र यात्री प्रतीक्षालयसमेतमा काम लाग्ने गरी पक्की कुर्सी निर्माण गरिएको बताए।

कार्यक्रममा लोकतान्त्रिक समाजवादी पार्टीका नेता नेजामुद्दीन समानी, राजनारायण कुर्मी, जयनारायण यादवलगायतको सहभागिता थियो।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# बाढी पहिरोबाट तीन हजार घर डुबानमा, ९०० मा क्षति

काठमाडौं, १२ भदौ/रासस

यसपालीको मनसुनका अवधिमा बाढीका कारण तीन हजार १८० घर डुबानमा परेका छन्। प्रहरी प्रधान कार्यालयले दिएको जानकारीअनुसार बाढी पहिरोमा परेर ९०० घरसहित १५३ गोठ, ६० पुल, ८ विद्यालय र १४ सरकारी कार्यालयमा क्षति पुगेको छ। जेठ ३० यता एक हजार ८७ पशु चौपाया मरेको छ।


मेलम्चीमा आएको बाढीको दृश्य। तस्वीरः फाइल

उक्त अवधिमा एक हजार १३० विपद्का घटनाबाट एक हजार २०९ घर परिवारका पाँच हजार ९२४ जना विस्थापित भएका प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक वसन्त कुँवरले जानकारी दिए। मनसुन भित्रिएसँगै नेपालमा अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा आएको बाढीपहिरो र डुबानमा परी आजसम्म ९१ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ। मृत्यु हुनेमा ४६ पुरुष, २३ महिला, १० बालक र १२ बालिका छन्।

बाढीपहिरो र डुबानमा परी उक्त अवधिमा ११६ जना घाइते भएका छन्। बाढीपहिरामा परी ४४ जना बेपत्ता भएका छन्। बेपत्ताको खोजी कार्य जारी छ। बाढीपहिरामा परेका एक हजार २७५ जनाको विभिन्न ठाउँबाट उद्धार गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

# काङ्ग्रेस महाधिवेशनका विषयमा शीर्ष नेताबीच सहमति

काठमाडौं, १२ भदौ/रासस

नेपाली काङ्ग्रेसको आसन्न १४औं महाधिवेशन अन्तर्गत कार्यतालिका, क्रियाशील सदस्यता र निर्वाचन निर्देशिकालगायत विषयमा शीर्ष नेताबीच सहमति भएको छ। सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेलबीच छलफल भएपछि क्रियाशील सदस्यताका विवाद समाधान गर्दै नामावली सार्वजनिक गर्ने, जिल्ला सभापतिका माग सम्बोधन गर्ने र महाधिवेशनको वातावरण तयार गर्ने समझदारी बनेको नेता प्रकाशमान सिंहले जानकारी दिएका छन्।

सभापति देउवासँग कुराकानी गरेपछि वरिष्ठ नेता पौडेल समूहले आज आफू निकट नेता र जिल्ला सभापतिहरूसँग काङ्ग्रेस नेता सिंहको निवास चाक्सिबारीमा छलफल गरेको थियो। देशभरका छ हजार ७४३ वडामा एकै दिन अधिवेशन गर्ने समझदारी भएको नेता सिंहले बैठकपछि जानकारी दिए। उनका अनुसार जिल्ला सभापतिहरूले राखेका माग पनि सुनुवाइ गर्ने समझदारी बनेको छ। केही जिल्ला सभापतिहरूले निर्वाचन निर्देशिका संशोधन र क्रियाशील सदस्यता नामावली सार्वजनिक गर्न माग गर्दै भदौ ८ गतेदेखि पार्टी केन्द्रीय कार्यालयमा अनशन शुरू गरेका छन्।

काङ्ग्रेसले बिहीवार र शुक्रवार गरी ४८ जिल्लाका क्रियाशील सदस्यको नामावली सार्वनजनिक गर्नुका साथै अरू जिल्लाको पनि एक/दुई दिनभित्र सार्वजनिक गरिसक्ने तयारी गरेको छ। बैठकमा एक मात्र निर्वाचन क्षेत्र रहेका ३५ जिल्लामा पनि विधान अनुसार नै हुने गरी जिल्ला सभापतिको उम्मेदवार बन्न पाइने, क्षेत्रीय प्रतिनिधि पनि महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य उठ्न पाउने विषयमा सहमति जुटेको उनले बताए। शीर्ष नेताहरू आजै केन्द्रीय कार्यालय जाने र जिल्ला सभापतिको अनशन अन्त्य गर्ने सम्बन्धमा छलफल भए पनि आज शीर्ष नेताहरू नआएकाले सम्भवतः आइतबार अनशन अन्त्य हुने नुवाकोटका जिल्ला सभापति जगदीश्वरनरसिंह केसीले जानकारी दिए।

काङ्ग्रेसको १४औं महाधिवेशन अन्तर्गत गाउँ/नगर वडा अधिवेशन यही भदौ १८, गाउँ/नगरपालिका अधिवेशन भदौ २७, प्रदेशसभा क्षेत्रीय अधिवेशन असोज १ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज ५ गते तोकिएको छ। यसैगरी काङ्ग्रेसले एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १० गते, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय महाधिवेशन आगामी मङ्सिर ९ देखि १३ गतेसम्म तय गरेको छ।